भंगहा नगरपालिका

**नगर कार्यपालिकाको कार्यलय,महोत्तरी**

नगरस्तरिय परिक्षा २०८०

पूर्णाङ्क :- ५०

कक्षा :-८ उत्तीर्णाङ्क :- २०

विषय :- नेपाली समय :- २ घण्टा

**तलका सबै प्रश्नहरु अनिवार्य छन ।**

१. दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् : [२]

सहानुभूति, संवेदना, प्रबन्ध, पचत्रर्शक, दफा, ईर्ष्या

(क) कुनै काम राम्ररी सम्पन्न गर्न मिलाइएको व्यवस्था........!

(ख) अरुको 'दुःख देखेर वा सुनेर मनमा हुने भाव ..........

(ग) ऐन, विधान आतिको धारा ...............

(घ) बाटो देखाउने व्यक्ति..................।

२. खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस : [२]

(क) समय'को उस्तै अर्थ दिने शब्द हो..................। (काम, जाम, राम)

(ख) 'सक्रिय'को उल्टो अर्थ दिने शब्द........... हो। (जागरिलो, निष्क्रिय, चलाख)

(ग) पूरा को श्रुतिसमाभिन्नार्थ शब्द ............ हो। ( पुरा, कुरा, छुरा)

(घ) 'थैलो'को लघुतावाची शब्द .............हो। (कोइली, थैली, कैली)

३. अर्थ खुल्ने गरि वाक्यमा प्रयोग गर्नुहोस ।(२)

हुने बिरुवाको चिल्लो पात , व्यबसाय

४. शुद्ध शब्द छानेर लेख्नुहोस् : [२]

(क) (अ) परिस्थिती (आ) पारिस्थित (इ) परीस्थिति (ई) परीस्थिती

(ख) (अ) स्मरणिय (आ)श्मरणीय (इ) स्मराणीय (ई) स्मरनीय

५.दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् । [२]

"हुन्छ , तपाईले भनेको कुरा मलाई स्वीकार्य छ ।

६. रेखाङकित शब्दहरुको पदवर्ग छुटाउनुहोस । [२]

उपमा <u>आफ्नो</u> कोठाको टेबल<u>माथि</u> <u>किताब</u> राखेर फटाफट मथि गइन अनि <u>उनि</u> खाजा खान पो थालिन् त ।

७ .दिइएक धातु र सङ्केतका आधारमा खालि ठाँउ भर्नुहोस् ।: [२]

क) आकाश बादलले .............। ( ढाक :पूर्ण वर्तमान काल )

ख) हामि लिम्बिनी घुम्न ............। (जा : सामान्य भुतकाल )

ग) ऊ असल मान्छे ..............। (बन् :इच्छार्थक )

घ) भाइहरु चाडै घर ...............। ( फर्क :सम्भावनार्थक

८. दिएका संकेतका आधारमा वाक्य परिवर्तन गर्नुहोस । [३]

क) तपाईहरु प्रगति गर्दै जानुहोस् ।(तृतीय पुरुष )

ख) विधार्थीहरुले विधालय वरिपरी फुल रोपे । ( कर्मवाच्य)

ग) भोला सधै विदेश घुम्न जान्थ्यो । ( अकरण)

९. दिएको अनुच्छेद पढि उत्तर लेख्नुहोस् । : [३]

अभिभावकले आफ्ना सन्तानको हेरचार दिनदिनै गरिरहेका हुन्छन ।उनीहरुमा पारिवारिक दायित्व रहेको हुन्छ । गाउँघर जतासुकै आफ्नो —आफ्नो किसिमबाट परिवारले सन्तानको हेरचार गरेकै करण सन्तानमा सुस्वास्थ्य र सुशिक्षाको प्रभाब परेको छ ।सन्तानहरु असल गुणका हुनुमा सामाजिक मान्यता पनि एक हो ।

**प्रश्नहरु :**

क) अनुच्छेदबाट एउटा दित्व भएर बनेका शब्द र एउटा समस्त शब्द पहिचान गरी लेख्नुहोस् ।

ख) अनुच्छेतबाट एउटा उपसर्ग र एउटा प्रत्यय लगेर बनेको शब्द पहिचान गरी लेख्नुहोस्

ग) माथि रेखांकन गरिएको शब्दको कारक र विभक्ति पहिचान गरि त्यसको नाम लेख्नुहोस्

१०. दिएको गंधाश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् । [४]

आधुनिक विज्ञानको क्षेत्रमा न्युटनले महत्वपूर्ण योगदान दिएका छन् । उनले टेलिस्कोपको आविष्कार गरे । उनले गुरुत्वाकर्षण नियम पत्ता लगाए । उनले क्यालकुलसको आविष्कार गरे उनले प्रकाश सम्बन्धिको सिद्धान्तको प्रतिपादन गरे । उनि विज्ञान जगतमा दार्शनिक वैज्ञानिक र भैतिकशास्त्रिहरुको नाममा निकै माथि उठे । उनले थुप्रै मान,समान र पुरस्कारहरु पाए । उनले विज्ञानको क्षेत्रमा दिएको योगदानको कदर गर्दै ब्रिटिस सरकारले "सर" को उपाधिबाट विभुषित गर्यो । त्यसपछि उनि आइज्याक न्युटनबाट सर आइज्याक न्युटन भए । उनले आफ्नो सम्पूर्ण जिबन खोज र अनुसन्घान मै खर्चिए । उनले आफ्नो जिबनको अन्त्यतिर आफ्ना आविष्कारहरुलाई समेटेर "प्रिन्सिपिया" पुस्तक लेखे उनको यो पुस्तकलाई विज्ञान जगतमा देखापरेको महत्वपूर्ण उपलब्धि मानिन्छ ।

प्रश्नहरु :

क) विज्ञानको क्षेत्रमा न्युटनले गरेका काम कुन —कुन हुन् ?

ख) न्युटनलाई क —कसले विशेष नजरले हेरे ?

ग) न्युटनले पाएका मनसम्मानको अवस्था कस्तो छ ?

घ) न्युटनको प्रिन्सिपिया किन चर्चित छ ?

११. दिएको अनुच्छेदबाट चारओटा बुँदाटिपोट गरि सारांश लेख्नुहोस् । [४]

चिन्ताले खाइसकेको कमजोर जिउ बिस्तारै उठाएर बार्दलीमा उभिएर उनले सोधे "को ह "ए सरासर माथि आउनुहोस ।" ति आगन्तुक भक्त थिए किनभने उनको भेषभूषा र तिलक आदिबाट जसले पनि उनि वैष्णव भएको कुरा बताउन सक्थ्यो ।ति भक्तले भाजुलाल लाई घुंगुरीएक रै, मयुर ,मुकुट ,बाहुमा बाजु ,लामो वानमाला ,हातमा मुरली लिएर मोहिनी अवतारमा उभिएका श्री कृष्णको चित्र देखाएर भने "मलाई यस्तै मुर्ति बनाइदिनुपर्यो ।सफा ,सेते ,दुध जस्तो संगमरमरको

|"भाजुलालले हुन्छ भन्न पनि सकेनन् ,हुन् भन्न पनि सकेनन | हुन्छ भनुम नैराश्यपूर्ण अन्धकारमा रुमलिएको जिवनले अब के काम गर्ने सक्ला जस्तो उनलाई लग्यो |हुन्न भन्नु आफ्नो सिपको प्रख्यातिले आफ्नो नाम सोधी सोधी घरको द्वारसम्म आएर आग्रह गरेका एक भक्तलाई विमुख पठाउन उनको भावुक दिल र पेसाले दिदैनथ्यो , मान्दैनथ्यो |उनले अक्क र बक्क परेर शुन्य मस्तिष्कले ति भक्तको चेहरा हेरी मात्र रहे | "बनाउन सक्नुहुन्छ कि!" भक्तले सोधे |

१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस (३)

**(क)** दिइएका बुँदाको आधारमा जीवनी तयार पारी शिर्षक समेत दिनुहोस् :

नाम : गोपाल प्रसाद रिमाल

जन्म : १९७५ जेठ १८ काठमान्डौ

मातापिता : आदित्य कुमारी र उमाकान्त रिमाल

शिक्षा : १९९२ को प्रवेशिका परिक्षामा प्रथम श्रेणीमा प्रथम

संलगनताः १९९० देखि नै साहित्य लेखनमा संलगन ,भाषानुवाद परिषद् का जागिरे ,शारदा पत्रिकाको सम्पादक

प्रमुख प्रकाशित कृतिहरुः 'मसान 'र यो प्रेम '(नाटक) आमाको सपना (कविता संग्रह)

साहित्यिक विशेषताहरुः निडर ,क्रान्तिकारी ,स्वाभिमानी ,व्यति ,नेपाली साहित्यमा नाटक र गध कविता क्षेत्रमा उत्कृष्ट योग्दान दिएका ,सामाजिक विभेदको विरोध गर्दै कवितामा प्रतीकात्मक शैलीमा विद्रोही स्वर दिने कविता

सम्मान तथा पुरस्कार : मदन पुरस्कार (२०१९),त्रिभुवन पुरस्कार (२०३०)

मृत्युः २०६० कत्तिक ८ गते ,काठमाडौं

**(ख)** 'घरमा एक्लै छदाँ ' शिर्षकमा एउटा मनोवादको नमुना तयार पार्नुहोस |

१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोसः [३]

क.) फुलाई सामाजिक सञ्जालले पारेको प्रभाव बारे जानकारी दिदै गाउँमा बस्ने साथीलाई एउटा चिठ्ठी लेख्नुहोस् ।

ख.) तपाईको आफ्नो जन्मदिनमा साथीहरुलाई लेखिने निमन्त्रणा-पत्रको नमूना प्रस्तुत गर्नुहोस् ।

१४. कुनै एकको भाव विस्तार गर्नुहोस् । [३]

क) स्वामी प्रापन्नाचार्य महान सन्त संस्कृत वाङमयका विशिष्ट अनुसन्धाता तथा व्यख्याताका रुपमा अमर बन्न पुगे।

ख) नेपालले बैदेसिक व्यापार र बाहय पर्यटनलाई समानान्तर रुपमा प्रवर्धन गर्न सके तीव्र गतिमा आर्थिक विकास हासिल गर्न सहज हुन्छ ।

१५. दिइएको निबन्धमा पढि सोधिएका प्रशनहरुको उत्तर लेख्नुहोस् : [४]

मलाई आफ्ना अभिभावकप्रति असाध्यै श्रद्धा छ । म उहाँहरुको उपदेशलाई धयान दिएर सुन्छु र मनन पनि गर्छु । उहाँहरुले नै जन्मिन साथ मेरो जन्मदर्ता गराउनु भएको थियो । विस्तारै मेरो पढाई लेखाइको प्रबन्ध मिलाउनुभएको थियो ।उहाँहरुकै पहलमा १६ वर्ष पुगेपछि मेरो नागरिकता बनेको थियो। मैले नागरिकता पाउनु भनेको नेपालको राष्ट्रिय पहिचान धारण गर्नु थियो । आफुलाई असल नागरिकका रुपमा चिनाउनु थियो । सम्झिन्छु; नागरिकता पाएको क्षणमा मभित्र कति धेरै राष्ट्रयताको भावना उर्लिएर आएको थियो । मैले खुशीका साथ गदगद हुँदै नेपाली धर्तीलाई ढोगेको थिएँ । भनिन्छ, हरेक नागरिकले आफ्नो नागरिकता हातमा लिएपछि एक पटक प्यारो जन्मभूमिलाई प्रणाम गर्छ । देशप्रतिको आफ्नो कर्तव्य सम्झिन्छ र कहिल्यै पनि देशलाई विर्सिदैन ।

<u>प्रश्नहरुः</u>-

(अ) मैले आमाबुवा लाई श्रद्धा गर्नुको कारण के थियो?

(आ)नागरिकता पाउनुलाई कुन रुपमा लिइन्छ?

(इ) कस्तो अवस्थामा अत्यन्त खुसी भएर मैले के गरे?

(ई) यस निबन्धांशको मूख्य भाव के हो?

१६. कुनै एक प्रश्नको लामो उत्तर लेख्नुहोस् । [५]

(क) दिइएको कथांश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् ।

यता वंश गुरुङलगायत गोरखाली सेना हतियार सहित पृथ्वीनारायण शाहकहाँ पुगे । उनले हातले केही हतियार सुमसुम्याए र वंशुलाई धाप मारेर प्रशंसा गर्दै भने, " मेरो सपना तिमीहरुले पुरा गयौ । यसको श्रेय तिमेकै हो" उनले सबैलाई विजयको प्रतिक रातो टीका लगाइदिए । सेना गोरखाको जय भन्दै व्यारेकतिर लागे ।

अ) "सकार सपना" कथालाई सार्तक तुल्याउनका लागि वंशु गुरुङलगायत गोरखाली सेनाको चर्चा गर्नुहोस् ।

(ख) दिइएको निवन्धास पढी समीक्षात्मक उत्तर लेख्नुहोस् ।

यिनमा पनि मैले कहिल्यै नबिर्सने कुरा चाहि बाल अदिकारका चार ओटा प्रमुख खम्बा नै हुन्। बालबालिकाको सभागिता, विकास, संरक्षण र वाच्न पाउने जस्ता चारओटा बाल अधिकारका खम्बा बारे म कहिल्ये भुल्ने छैनौं ।यस्ता कुराको सुनिश्चितता नभए सम्म कसैलाई बाल अधिकारको प्रत्याभूति हुनै सक्दैन ।

अ) मानव अधिकारका सम्बन्धमा बाल अधिकारका चारओटा खम्बाका बारेमा परिचर्चा हुनेपर्नुको कारण के हो? कारण सहित लेख्नुहोस् ।

१७. कुनै एक शीर्षकमा १२५ शब्द नघटाई निबन्ध लेख्नुहोस् । [५]

क) कम्प्युटरको आवस्यकता

ख) नारी शिक्षा आजको आवश्यकता

ग) नेपालको जल सम्पदा

समास

भंगहा नगरपालिका

**नगर कार्यपालिकाको कार्यलय,महोत्तरी**

नगरस्तरिय परिक्षा २०८०

पूर्णाङ्क :- ५०

कक्षा :-८ उत्तीर्णाङ्क :- २०

विषय :- नेपाली समय :- २ घण्टा

**तलका सबै प्रश्नहरु अनिवार्य छन ।**

२. दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् : [२]

पूर्णकद, अष्टधातु, युगान्तकारी, पुलकित, कन्तुर, शताब्दी

क) एक युग समाप्त गरी अर्को युग ल्याउने ..................।

ख) धातु वा काठको सानो वाकस ............।

ग) फूरै शरीरको जिउडाल ..................।

घ) ज्यादै खुसी भएको अवस्था ............।

२. खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस : [२]

क) "चन्द्रमा" को उस्तैउ अर्थ दिने शब्द..................हो । (सोम, साम, माम)

ख) अर्पण" को उल्टो अर्थ दिने शब्द ...............हो । (भरण, ग्रहण, मरण)

ग) बास" को श्रुतिसममिननायी शब्द .............हो ( बाँस, गाँस, हाँस)

घ) मन्दिर" को समावेशी शब्द ...............हो । (पशु, मानव, देवता)

३. अर्थ खुल्ने गरि वाक्यमा प्रयोग गर्नुहोस |(२)

हुने बिरुवाको चिल्लो पात , व्यबसाय

४. शुद्ध शब्द छानेर लेख्नुहोस् : [२]

(क) (अ) विश्लेषण (आ) बिश्लेषण (इ) विस्लेषण (ई) विश्लेसण

(ख) (अ) विषयवस्तु (आ) विषय वस्तु (इ) बिषयवस्तु (ई) विषयवश्तु

५.दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् | [२]

असोकले भन्यो। "हामी जातिय एकता र राष्ट्रय सधीनताका पछ्यामा हौ"

६. रेखाङकित शब्दहरुको पदवर्ग छुटाउनुहोस | [२]

<u>मिहिनेती</u> विधार्थीले मिहिनेत गरी पढयो अनि <u>उसले</u> जीवनमा <u>सफलता</u> प्राप्त गर्यो । अवछीन्ने चाहीं <u>न</u> पढयो न सफलता प्राप्त गऱ्यो ।

७. दिइएका धातु र सङ्केतका आधारमा खालि ठाँउ भर्नुहोस् |: [२]

ङ) विधार्थीहरु मैदानमा फुटबल ..............।(खेलः अपूर्ण भूत)

च) केटाकेटीहरु कथा सुन्न मन ..............। (पराउः सामान्य वर्तमानकाल)

छ) तिमी सहरमा राम्रो काम गर । तिमी पुरस्कृत ..........। (हुँः सङ्केतार्थक)

ज) भाईले नेपाली किताब.............। (पढः इच्छार्थक)

८. दिएका संकेतका आधारमा वाक्य परिबर्तन गर्नुहोस | [३]

घ) उनीहरुले फुटबल खेलका थिए । (एकवचन)

ङ) शेर्पा दाइ हिमाल चढ्छन । शेर्पा दाइले सफलता पाउँछन् । (मिश्रवाक्य)

च) मिहिनेत नगरे उन्नति हुन्न । (करण)

९. दिएको अनुच्छेद पढि उत्तर लेख्नुहोस् | : [३]

पेटभर खान नपाउनेहरु <u>अकालमै</u> मरिरहेका छ न । गाईगोठ बनाएर बस्नेरहु दुधदहीको पौष्टिक आहार लिइरहेका छन् । संसारमा हरेकको उत्पत्ति कुनै न कुनै परिवेशबाट प्रभावित हुन्छ। लम्बोदर देखि पिताम्बर सम्मका हरेकको उत्पत्ति निश्चित भोगका लागि भएको मानिन्छ ।

**प्रश्नहरु :**

घ) अनुच्छेदबाट एउटा दित्व बनेका शब्द र समस्त शब्द पहिचान गरी लेख्नुहोस् |

ङ) अनुच्छेतबाट एउटा उपसर्ग र एउटा प्रत्यय लगेर बनेको शब्द पहिचान गरी लेख्नुहोस्

च) माथि रेखांकन गरिएको शब्दको कारक र विभक्ति पहिचान गरि त्यसको नाम लेख्नुहोस्

१०. दिएको गंधाश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् | [४]

आधुनिक विज्ञानको क्षेत्रमा न्युटनले महत्वपूर्ण योगदान दिएका छन् | उनले टेलिस्कोपको आविष्कार गरे | उनले गुरुत्वाकर्षण नियम पत्ता लगाए | उनले क्यालकुलसको आविष्कार गरे ।उनले प्रकाश सम्बन्धिको सिद्धान्तको प्रतिपादन गरे | उनि विज्ञान जगतमा दार्शनिक वैज्ञानिक र भैतिकशास्त्रिहरुको नाममा निकै माथि उठे | उनले थुप्रै मान,समान र पुरस्कारहरु पाए | उनले विज्ञानको क्षेत्रमा दिएको योगदानको कदर गर्दै ब्रिटिस सरकारले "सर" को उपाधिबाट विभुषित गर्यो | त्यसपछि उनि आइज्याक न्युटनबाट सर आइज्याक न्युटनबाट सर आइज्याक न्यूटनको उपाधि पाइयो | उनले आफ्नो सम्पूर्ण जिबनको अन्त्यतिर आफ्ना आविष्कारहरुलाई समेटेर "प्रिन्सिपिया" पुस्तक लेखे ।

प्रश्नहरु :

ङ) विज्ञानको क्षेत्रमा न्युटनले गरेका काम कुन —कुन हुन् ?

च) न्युटनलाई क —कसले विशेष नजरले हेरे ?

छ) न्युटनले पाएका मनसम्मानको अवस्था कस्तो छ ?

ज) न्युटनको प्रिन्सिपिया किन चर्चित छ ?

११. दिएको अनुच्छेदबाट चारओटा बुँदाटिपोट गरि सारांश लेख्नुहोस् | [४]

पालपाको पहिचान ढाका कपडा र ढलोटको वरुवासंग गाँसिएको छ । भोजपुरको खुकुरी र भाँडाकुँडा हरेक नेपालीका घर घरमा पुगेका छन। चितवनमा उत्पादन भएको मह झापाको बजारमा विक्री भइरहेको छ । नुवाकोटमा फेलको तरकारी काठमाडौंको भान्सामा पाकि रहेको छ । पाटनमा बनेका याङ्गा छोल्पामा बेचबिखन भइरहेको छ । जुम्लामा फल्ने मार्सी धानले काठमाडौ पोखरा लगायत सहरमा बजार पाएको छ । मानिसले जुम्ला सोलुखुम्बु र मुस्ताङको स्याउ, गोरखाको सुन्ताला रामेछापको जुनार खोजी खोजी खान थालेका छन् ।

१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस (३)

**(क)** दिइएका बुँदाको आधारमा कथा तयार पारी शिर्षक समेत दिनुहोस् :

घना जङ्गलको एउटा रुखमा परेवाको हुर्कँदै गरेका दुई ओटा बच्चा ............एक सिकारीलेल ती बच्चाहरुलाई देख्नु ................त्यही समयमा वाजले पनि झम्टा मार्नु खोज्नु ......... उडेर गए बाजले मार्ने ................ बसिरहे-सिकारीले मार्नु ती दुई बचराको प्राण दुबै तिरबाट सङकटमा पर्नु ............. दुबे बचराले आँखा चिम्लेर इश्वरलाई सम्झनु .......... कतैबाट कालो सर्प आएर सिकारीलाई डस्नु .......... बचराहरुको प्राण बच्नु ....... असहायको दैव सहाय उक्ति चरितार्य हुनु ।

**(ख)** विकासका लागि शान्तिको आवश्यकता भन्ने विषयमा संवाद लेख्नुहोस् |

१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोसः [३]

क.) प्रदेश स्तरीय निबन्ध लेखन प्रतियोगितामा आफु सहभागी हुन पाउँ भन्ने किसिमको सिफारिस पत्र तयार पारिदिनु हुन प्रधानाध्यापकलाई एउटा निवेदन लेख्नुहोस् ।

ख.) अन्तर जिल्ला बास्केटबल टुर्नामेन्टको आयोजना विद्यालयको खेलकुद शाखाबाट हुने भएकाले सहभागीका लागि तयार पारिने निमन्त्रणा-पत्रको नमूना प्रस्तुत गर्नुहोस् ।

१४. कुनै एकको भाव विस्तार गर्नुहोस् । [३]

क) मलाई वर्षमा कमसेकम दुई पुल हालिदिनु, वर्षमा कमसेकम दुई कलामा लागेर बाँडिदिनु म कागजमा ब्युझन्छु । म सपनामा उदाउँछु ।

ख) भनिन्छ सगरमाथा आरोहन र जीवनयात्र उस्तै हो । जति जोखिम र आनन्द सगरमाथा आरोहन क्रममा मिल्छ त्यति ने आफ्नो जीवनमा पनि उतार चढाव भइरहन्छ ।

१५. दिइएको जीवनीको अंश पढि सोधिएका प्रशनहरुको उत्तर लेख्नुहोस् : [४]

प्रपन्ताचार्य ३० वर्षको उमेरमा भारतका विभिन्न ठाँउमा अध्ययनको लागि आश्रमको खोजी गरे । उनलाई कुनै पनि आश्रमले राख्न मानिरहेको थिएन । कठिन अवस्थामा उनले एउटा होटलमा काम गर्नु पर्ने बाध्यता आइलाग्यो । त्यस्तै क्रममा त्यहाँ एक जना गोर्खा रेजिमेन्टका अवकाश प्राप्त व्यक्ति हीराबल्य थपलियाकी छोरी सरस्वती संग उनको भेट भयो । उनी शिक्षक थिइन ।त्यसपछि सरस्वतीले आफ्नो घरमा काम लगाउँदै प्रपन्ताचार्यलाई अक्षर चिनाउन थालिन । एक महिनामा स्वर र तीन महिनामा व्यञ्जन वर्ण सिकेकाले प्रपन्ताचार्यलाई सरस्वतीले उमेर घटाएर आफ्नै विद्यालयमा एक कक्षामा भर्ना गरिदिइन । त्यहाँ उनले पाँच कक्षासम्मको अध्ययन गरे । त्यसपछि वि.सं.२०१६ तिर उनी गढवालको रुद्रप्रयाग अध्ययन गर्नथाले । पढाइका क्रममा उनले हरिद्वार त कहिले वनारसलगायतका ठाउँमा सङ्घर्ष गर्नु पऱ्यो ।

<u>प्रश्नहरु</u>:-

(उ) स्वामी प्रपन्ताचार्यलाई किन कुनै पनि आश्रमले राख्न मानिरहेका थिएन?

(ऊ)स्वामी प्रपन्ताचार्यको भेट को संग भयो?

(ऋ)स्वामी प्रपन्ताचार्य एक कक्षा पढाइको परिस्थिति कस्तो थियो ?

(ऌ) यस जीवनी अंगमा स्वामीको प्रारम्भिक शैक्षक यात्रालाई कसरी देखाइएको छ?

१६. कुनै एक प्रश्नको लामो उत्तर लेख्नुहोस् । [५]

(क) दिइएको कथांश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् ।

यता वंश गुरुङलगायत गोरखाली सेना हतियार सहित पृथ्वीनारायण शाहकहाँ पुगे । उनले हातले केही हतियार सुमसुम्याए र वंशुलाई धाप मारेर प्रशंसा गर्दै भने, "मेरो सपना तिमीहरुले पुरा गयौ । यसको श्रेय तिमेकै हो" उनले सबैलाई विजयको प्रतिक रातो टीका लगाइदिए । सेना गोरखाको जय भन्दै व्यारेकतिर लागे ।

आ) "सकार सपना" कथालाई सार्तक तुल्याउनका लागि वंशु गुरुङलगायत गोरखाली सेनाको चर्चा गर्नुहोस् ।

(ख) दिइएको निवन्धास पढी समीक्षात्मक उत्तर लेख्नुहोस् ।

प्रातः काल हिमाल हास्छ जसरी अस्तित्व फैलाउदै सारा चेतनशिल जिवन जगत व्यझन्छ । जगा हुँदै यो जागापन साथ सिर्जिमुखी फैलाउदे चेतना हामी गर्न सकौं न जीवनमुखी साहित्यको सिर्जना ।

आ) कविले केकति कारणबाट मानिसका लागि प्रकृति सधै प्यारो हुन्छ भनेका हुन?

१७. कुनै एक शीर्षकमा १२५ शब्द नघटाई निबन्ध लेख्नुहोस् । [५]

घ) सरसफाई

ङ) मलाई मनपर्ने किताब

च) मित्रताको महत्व

——— समाप्त ———

भंगहा नगरपालिका

**नगर कार्यपालिकाको कार्यलय,महोत्तरी**

नगरस्तरिय परिक्षा २०८०

पूर्णाङ्क :- ५०

कक्षा :-८ उत्तीर्णाङ्क :- २०

विषय :- नेपाली समय :- २ घण्टा

विद्यार्थीले उत्तर दिदाँ सुर्जनात्मक र मौलिक तरिकाले दिनुपर्ने छ ।

तलका सवै प्रश्नहरु अनिवार्य छन् ।

१. दिइएका अर्थ संग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् । ०.५×४=२

| सातो पुत्लो, सल्लाह, न्यायालय, निर्माता, ऐन |
|---|

क. न्याय दिलाउने ठाउँ .............. ।

ख. होस हवास हराउनु ................. ।

ग. राय सुझाव ..............।

घ. संसदबाट बनेको सरकारी कानुन ......... ।

२. खाली ठाउँमा मिल्ने शव्द भर्नुहोस । ०.५×४=२

क. मार्गको उस्तै अर्थ दिने शब्द .......... हो । (मधु, पथ, मान)

ख. आस्थाको उल्टो अर्थ दिने शव्द ........ हो । (अनास्था, श्रद्धा, विश्वास)

ग. जुनको श्रृतिसमभिन्नार्थी शव्द ........ हो । (जुन, जन, धन)

घ. फूलको समावेश्य शव्द ...... हो । (रुख, पानी, गुलाव)

३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् । १×२=२

होसहवास हराउनु, अल्पात

४. शुद्ध शव्द छानेर लेख्नुहोस् : ०.५×२=२

क) अ. विश्वविद्यालय आ. बिश्वबिद्यालय इ.विश्वविधालय ई. विस्वविद्यालय

ख) अ. पृथ्वीनारायण आ. प्रिथ्वीनारायण इ.पृथ्वीनारायन ई. पृथ्वीनाराण

५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् : २

पानी जिवन दायिनो स्रोत भयेकाले यसलाई प्रदूषण हुन बाट रोक्नुपर्छ ।

६. रेखाङ्कित शब्दहरुको पदवर्ग छुट्याउनुहोस् : २

उपमा <u>आफ्नो</u> कोठाको टेबुल <u>माथि</u> <u>किताव</u> राखेर फटाफट माथि गइन् अनि <u>उनी</u> खाजा खाना पो थालिन् त

७. दिइएका धातु र संकेतका आधारमा खाली ठाँउ भर्नुहोस् : २

क. बहिनी गाई चराउन जङ्गल .......... । (जा: अपूर्ण भूतकाल)

ख. तिमीहरु असल र इमानदार ......... ।(बन्: अज्ञार्थक)

ग. बहिनीले किताब ......... । (पढ् :पूर्ण वर्तवमानकाल)

घ. हामी मिलेर काम ......... । (गर : सङ्केतार्थक)

८. दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् : ३

क. बाटोमा गाडी कुददै छ । (बहुवचन)

ख. सीता घर गइन् । (अकरण)

ग. हामीहरुले देशको सेवा गरेका छौं । (तृतीय पुरुष)

९. दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस् । ३

अवकाश प्राप्त जिवनमा उनले नयाँ काम सुरु गरेका छन । परिवारको सहकार्यबाट थालिएको उनको काम सवैका लागि आकर्षणको केन्द्र विन्दु बनेको छ । निकै ठूलो फैलावटमा आधारित क्षेत्रमा उनले त्यो नयाँ काम थालनी गरेका हुन् । आठ दश जना अरु सहयोगीलाई पनि उनले त्यस काममा संलग्न गराएका छन् । दिन दिनै व्यस्त रहनु परे पनि त्यस कामबाट गाउँघरका इष्ट मित्र देखि राज्य सम्मले फाइदा लिएको छ । उनलाई त्यस कामबाट फाइदै फाइदा भएको कुरा गाँउवासीले मूल्याङ्कन गरेका छन् । उनी साँचीकै सफल व्यवसायी बनेको छन् ।

**<u>प्रश्नहरु:</u>**

क. अनुच्छेदबाट एउटा द्विव्य भएर बनेको शव्द र एउटा समस्त शब्द पहिचान गरी लेख्नुहोस् ।

ख. अनुच्छेदवाट एउटा उपसर्ग र एउटा प्रत्यय लागेर बनेको शब्द पहिचान गरी लेख्नुहोस ।

ग. माथि रेखाङ्कन गरिएको शब्दको कारक र विभक्ति पहिचान गरी त्यसको नाम लेख्नुहोस् ।

१० दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस । ४

नेपाली संस्कृतिका आधारभूत पक्षमा परोपकार र समाज सेवा पर्छन् । यी यस्ता विशेषता हुन जसले नेपाली संस्कृतिलाई नै अनुकरणीय बनाएका छन् । हामी हाम्रो आश्रयमा आएका पाहुनालाघ स्वागत गर्छौं । आफू न मिठो खाएर पाहुनालाई देवता मानी मिठो खान दिन्छौ ।आपतमा परेकाको उदार गर्नु हाम्रो पहिलो कर्तब्य हुन्छ ।हामी परोपकारी भावनाबाट प्रेरित भएर पाटी पौवा चौतारो बनाउछौ ।मठ मन्दिर पुल धर्मशाला र धारो निर्माण गर्छौं । हामी आफ्नो सम्पती समाज सेवामा अर्पण गर्न सँधै लालायीत हुन्छौ । अनाथालय वृद्धा आश्रम आदी सामाजिक संस्था स्थापना गर्नुलाई हामी ठुलो सौभाग्य ठान्छौ । हाम्रो नेपाली संस्कृतिमा दानलाई महान कार्य मानिन्छ । हाम्रा वेद आदि पुराना ग्रन्थहरुमा पनि दानवीहरुको गौरब ज्ञान पाइन्छ ।

**<u>प्रश्नहरुः</u>**

क. परोपकार र समाजसेवाले नेपाली संस्कृतिलाई कस्तो प्रभाव पारेका छन् ?

ख. नेपाली संस्कृति अनुसार पाहुनालाई कुन किसिमको व्यवहार गरिन्छ ?

ग. नेपालीले परोपकारले भावनाबाट उत्प्रेरित भएर गर्ने कार्य के कस्ता छन् ?

घ. नेपालीहरु कस्तो कामलाई सौभाग्य ठान्छन ?

१०. दिइएको अनुच्छेदबाट चार ओटा वुदाँ टिपोर्ट गरी सारांश लेख्नुहोस् । ४

नेपाल एउटा बहुभाषिक बहुजातिय तथा बहुसांस्कृतिक विशेषता भएको मुलुक हो । म स्वाभिमान साथ आफूलाई यस्तै देशको नागरिक भन्न रुचाउँछु । यहाँ हरेक मानव स्वन्त्र छन् । मानव मानव बिच सधै सामानता रहदै आएको छ । आआफ्ना ठाउँमा सवैको उच्च मर्यादा छ । कसैले कसैसँग भेदभाव नगरी सवै आपसमा मिलेर बसेका छौं ।उदाहरणका लागि पुरुष हु तर महिला लैङ्गिक तथा यौनिक अल्पसंख्यक मानिसको व्यवहार भन्दा मेरो व्यवहारमा कुनै फरक छैन् । म तराईको हुँ तर पहाड र हिमालमा वसोवास गर्ने व्यक्ति पनि म भन्दा कुनै कुरामम फरक छैनन् । भोक निन्द्रा जस्ता जैविक पक्ष म जस्ता तमाम नेपाली मानव विश्वमा अदाहरणीय बन्ने गरेका छन् । सम्भवत यही नै मानव अधिकारको सदुपयोग पनि हो ।

१२. कुनै एक प्रश्नको उत्तर दिनुहोसः ३

क. दिइएका बुदाँका आधारमा कथा तयार पारी शीर्षक समेत दिनुहोस ।

कुनै गाउँमा एउटा ब्यापारी हुनु ........ ब्यापारीले बाँदर पाल्नु ...... गर्मीको महिना हुनु......... झिंगा धेरै वढ्नु ........ एक दिन व्यापारी सुत्नु ....... बाँदरले ब्यापारीको नाकमा बसेको झिंगा हम्काउनु ....... वारम्वार झिंगा व्यापारीको नाकमा वस्दा बाँदर दिक्क हुनु ........ सुतेको कोठामा राखेको तरबारले व्यापरीको नाकमा बसेको झिंगालाई हान्नु ........ झिंगा उड्नु ....... व्यापारीको नाक काटिनु ....... बुद्धि नपुर्याउदा आफूलाई हानी हुने संदेश पाउनु ।

ख. आफू विद्यालयको छुट्टिको बेला गरेको भ्रमणवारे एउटा दैनिकी लेख्नुहोस् ।

१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोसः ३

क. आफ्नो टोलमा स्वच्छ खानेपानीको व्यवस्था मिलाई दिन अनुरोध गर्दै वडा प्रमुखलाई निवेदन लेख्नुहोस् ।

ख. आफ्नो विद्यालयको वृक्षारोपन गराउने व्यक्तिलाई कक्षा ८ का तर्फबाट तयार पारिएको सम्मानपत्रको नमूना प्रस्तुत गर्नुहोस ।

१४. कुनै एकको भाव विस्तार गर्नुहोस । ३

क.पाउने थिएनौं खुशी तिनले छोडेर नगए
बन्दैन मुलुक दुइचार सपुत मरेर नगए

ख. एउटा शान्त घरको तलाउमा तनाब रुपी तरङ्ग सिर्जना भएको थियो ।

१५. दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् ।

लोग्नेका कुरा सुनेपछि बुढीले त्यस मूर्तिलाई हातमा लिएर गहिरो सित हेरिन् । हेर्दा हेर्दै उनलाई भक्कानो छुट्यो अनि मूरतीलाई छातीमा राखेर रुन थालिन मेरो प्यारो छोरा मेरो जुजु बुहारीले पनि आफ्नो दिल थाम्न सकिन्न् र सासूको हातबाट त्यो मूर्ती खोसेर

हेरिन् ।नभन्दै सम्पूर्ण भाव र झल्को आफ्नै स्वर्गवासी लोग्नेको । उनी पनि त्यस मुर्तिलाई आफ्नो छातीमा टासेर घुक्कघुक्क गर्दै वेदनापुर्ण पुकारमा विलाप गर्न थालिन। सासू बुहारी दुबैका आँसुका बलिन्द्र धाराबाट एउटा संयुक्त वाक्य निस्कियो बेच्नु हुदैन यो मूर्ति बेच्नु हुदैन ।

क. लोग्नेका कुन कुराले बुढी रुन पुगिन ?

ख. बुहारीले पनि दिल थाम्न नसक्नुको कारण के हो ?

ग. सासू बुहारीकै आँखामा आँसु किन थामिएन ?

घ. यस कथाको मूल भाव के हो ?

१६. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् । ५

क. दिइएको प्रबन्धको अंश पढी समीक्षात्मक उत्तर लेख्नुहोस ।

नेपाल प्राचिन कालदेखि नै व्यापार व्यवसायमा समृद्ध रहेको कुरा विदेशी यात्रीका पुस्तक तथा ऐतिहासिक सामग्रीमा उल्लेख छ । लिच्छविकालमा नेपालमा किषि र पशुपालनका साथै मूर्ती उद्योग धातु उद्योग तेल उद्योग आदिसँग सम्बन्नधीत व्यवसाय अर्थ तन्त्रका प्रमुख आधार थिए ।

अ. लिच्छविकाललाई व्यापार व्यवसायका दृष्टिले किन उल्लेखनीय रुपमा हेरिन्छ ?

ख. दिइएको कवितांश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् ।

छोडेर परदेश नै हरियो पासपोर्ट
फर्किनु छ आफ्नै घर आँगनमा
र आफ्नै पसिनाले सिचाइ गरेर
उर्वर बनाउनु छ अवको बाँकी युग

अ. कविले भने जस्तै के हरेक परदेशी फर्किए भने नेपालको विकास कसरी गर्न सक्लान ? चर्चा गर्नुहोस ।

१७. कुनै एक शीर्षकमा १२५ शब्द नघटाई निवन्ध लेख्नुहोस । ५

क. देश भक्त

ख. मलाई मन पर्ने ठाउँ

ग. प्यारो नेपाल

समाप्त

भंगहा नगरपालिका

**नगर कार्यपालिकाको कार्यलय,महोत्तरी**

नगरस्तरिय परिक्षा २०८०

पूर्णाङ्क :- ५०

कक्षा :-८ उत्तीर्णाङ्क :- २०

विषय :- नेपाली समय :- २ घण्टा

विद्यार्थीले उत्तर दिदा सिर्जनात्मक र मौलिक तरिकाले दिनुपर्ने छ ।

१. दिइएका अर्थ सँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस । (२)

| नवनिर्मित अक्क न बक्क हुनु बैना अँगेनो तैनाथ |
|---|

क. बोली नफुट्ने अवस्था

ख. पेस्की

ग. भर्खरै बनेको

घ. आगो बालिने ठाउँ

२. खाली ठाँउमा मिल्ने शब्द राखी वाक्य पुरा गर्नुहोस । (२)

क. रवि को पर्यावाची शब्द ............. हो । (कवि, चन्द्र, भानु)

ख. साक्षर को विपरीतार्थी शब्द .......... हो । (अक्षर, निरक्षर, निरीक्षक)

ग. .............. अनेकार्थी शब्द होइन । (कल, दिशा, काम)

घ. कपडाको लघुतावाची शब्द .......... हो । (धरो, सरो, लुगा)

३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।(२)

हाथीको मुखमा जिरा कृति

४. शुद्ध शब्द छानेर लेख्नुहोस् । (२)

अ. १) सम्पती २) सम्पति ३) सम्पत्ति ४) सम्पत्ती

आ. १) परिभाशा २) परिभाषा ३) परीभाषा ४) परिभासा

५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस । (२)

नेपाल मा समय समयमा महत्वपुर्ण परिबर्तन भएका छन्

६. रेखाङ्कित शब्दहरुको पदवर्ग छुट्याउनुहोस् । (२)

मिहिनेती विद्यार्थीले मिहिनेत गरी पढ्यो अनि उसले जीवनमा सफलता प्राप्त गर्यो ।

७. दिइएका धातु र सङकेतका आधारमा खाली ठाँउ भर्नुहोस । (२)

क. राजेश विद्यालय ........... ।( अपुर्ण वर्तमान )

ख. हामी परीक्षामा सफल .......... हु ।(अज्ञात भूत)

ग. रजिना सगरमाथा आरोहण .......... गर् ।( सम्भावनार्थ )

घ. तपाई पोखरा ........... जा । ( अज्ञार्थक )

८. दिइएका सङकेतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् ।(३)

क. मैले काम गरेको छु । (बहुवचन)

ख. सिर्जना आज विद्यालय गइन । (करण)

ग. पानी पर्छ अनि हिलो हुन्छ । (सरल वाक्य)

९. दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस । (३)

मानिसले मुद्राको प्रचलन हुनुभन्दा अगाडि अन्न वस्तुभाउ सरसामान आदि साटासाट गरेर आवश्यक्ता पुरा गर्थे । यस्तो तरिकालाई वस्तु विनियम भनिन्छ ।वस्तु विनियम प्रथामा तत्कालको खाँचो टरे पनि धेरै समस्या हुन्थे । वस्तुको स्तर मापनको अभाव वस्तु विभाजन गर्न कठिनाइ भण्डारण गर्न समस्या तथा साटिने दुई वस्तुबिचको मात्रा निर्धारणमा समस्या हुनु वस्तु विनियम प्रणालीका समस्या हुन् । आजभोलि मुद्राको चलनचल्ती भएकाले यस्तो समस्या छैन् ।

प्रश्नहरु

क. अनुच्छेदबाट एउटा द्वित्व भएर बनेको शब्द र एउटा समस्त शब्द पहिचान गरी लेख्नुहोस् ।

ख. अनुच्छेदबाट एउटा उपसर्ग र एउटा प्रत्यय लागेर बनेको शब्द पहिचान गरी लेख्नुहोस।

ग. माथि रेखाङ्कन गरिएको शब्दको कारक र विभक्ति पहिचान गरी त्यसको नाम लेख्नुहोस ।

१०. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरुको उत्तर लेख्नुहोस ।(४)

आफैसँग गरिने कुराकानीलाई मनोवाद भनिन्छ । मनोवादलाई एकालाप पनि भनिन्छ । मनोवादमा पात्रले एक्लै कुराकानी गरिरहेको हुन्छ । यसमा पात्रका विचार शृङखलित सोचाइलाई व्यवस्थित गरेर राख्ने गरिन्छ । मनोवादको प्रस्तुतिका क्रममा अनुभूति सम्झना विचार प्रतिक्रिया आदि पक्षलाई समेट्नुपर्छ ।यस्तो लेखाइभित्र आफैले पश्न गरेर आफैद्वारा उत्तरको खोजी गरिन्छ । यसमा के हो काल्पनिक उडान र खुलदुलीलाई मिसाइन्छ र प्रथम

पुरुष शैलीको प्रयोग गरिन्छ । एक्कासि सोच परिवर्तन गर्नुपर्दा यसमा अपूर्ण वाक्य वा कोष्ठभित्र सङ्केत राखिन्छ अनि मात्र विषयवस्तुलाई परिवर्तन गरिन्छ । पात्रको सोचाइलाई निष्कर्षमा पुर्याएपछि नै मनोवाद टुङ्ग्याइन्छ ।

**प्रश्नहरु :**

क. मनोवादको अर्को नाम के हो ?

ख. मनोवादमा पात्रका विचार कसरी आउँछन् ?

ग. मनोवादमा कस्ता पक्षलाई समेट्नुपर्छ ?

घ. मनोवादभित्र कुन अवस्थामा अपूर्ण वाक्य वा कोष्ठकको प्रयोग गर्न सकिन्छ ।

११ दिइएको अनुच्छेदबाट चार ओटा बुँदाटिपोट गरी सारांश लेख्नुहोस । (४)

प्रपन्नाचार्यको परिवार किराँत धर्मको अनुयायी थियो । पारुहाङ र सुम्निमालाई इष्टदेव र देवीका रुपमा अर्चना तथा श्रद्धा गर्थ्यो । उनको परिवारले वैदिक धर्म सँस्कृतिको पालनामा विशेष जोड दिन्थ्यो । परिवारमा जोसमनी सम्प्रायको प्रभाव पनि परिरहेको थियो ।उनका घरभित्र सँधै शुद्ध शाकाहारी भोजनको व्यवस्था हुन्थ्यो । फलस्वरुप प्रपन्नाचार्य आफू पनि बाल्यकालदेखि नै आध्यात्मिक चिन्तनतिर उन्मुख हुन थालेका थिए । प्रपन्नाचार्यको परिवार कृषि पेशामा आबद्ध थिए । जीवन गुजाराका लागि खेतीपातीमा दिनरात व्यस्त हुनुको विकल्प थिएन । घरमा हजुरआमा हजुरबुवादेखि नातिनातिना सबैले खेतिपाति र गाईवस्तुको हेरचार गर्ने पर्थ्यो । त्यसैकारण प्रपननाचार्यले बाल्यकालमा लामो समय सम्म गाँउमा पढ्न लेख्न पाएनन् । उनीभित्र केवल आध्यात्मिक ज्ञानको भोक मात्र जागिरहयो ।

१२. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् ।(३)

क. दिइएका बुदाँका आधारमा जीवनी लेख्नुहोस् ।

नाम : शुक्रराज शास्त्री

जन्म : बि.सं.१९५०

जन्म स्थान काठमाण्डौं

पिता : माधवराज जोशी

माता : रत्नमाया जोशी

शिक्षा : संस्कृतमा शास्त्री र अंग्रेजीमा स्नातक

सङघर्ष र योगदान

- वि.सं. १९९३ मा नागरिक अधिकार समितिका सदस्यता लिएका
- भारतमा रहँदा महात्मा गान्धीसँग भेट भएपछि राजनीतिमा लागेका
- वि.सं. १९५५ मा राणा विरोधी सभा आयोजनाकार
- जनतालाई राणा शासनको विरुद्धमा लाग्न आह्वान
- राणा शासकले गिरफ्तार गरी जेलमा हालेका
- देश र जनताका लागि मृत्यु रोजेका अमर सहिद
- मृत्यु वि.सं. १९९७ माघ १० गते

ख. हाम्रो संस्कृति शिर्षकमा छोटो संवाद लेख्नुहोस ।

१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस । (३)

क. धन कमाउने उद्देश्यले विदेश जान लागेको आफ्नो साथीलाई स्वदेशमै बसेर काम गर्ने सल्लाह दिदै एउटा चिठी लेख्नुहोस ।

ख. तपाईको आफ्नो जन्मदिनमा साथीहरुलाई लेखिने निमन्त्रणापत्रको नमुना प्रस्तुत गर्नुहोस ।

१४. कुनै एकको भाव विस्तार गर्नुहोस ।(३)

क. जब देश स्वतन्त्र भएर बाच्छ
तव पो यो निश्चल आखाँमा हिमाल हाँस्छ ।

ख. नेपालले वैदेशिक व्यापार र बाह्य पर्यटनहरुलाई सामानन्तर रुपमा प्रवर्धन गर्न सके तिब्र गतिमा आर्थिक विकास हासिल गर्न सहज हुन्छ ।

१५. दिइएको कविताको अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस । (४)

हामीले आफ्नो कर्तव्य बिर्से इतिहासले धिकार्ला
गोली निलेका सहिदको प्यारी लासले धिकार्ला
धर्तिले मुख लाजले छोप्न आकाशले धिककार्ला
सहिद रोलान् हामीले उन्नति गरेर नगए ।

प्रश्नहरु :

अ. हामीलाइ कस्तो अबस्थामा इतिहासले धिक्कार्न सक्ला ?

आ. कस्ता सहिदका प्यारा लासले हामीलाई धिकार्लान ?

इ. आकाश र धर्तीले पनि हामीलाई धिकार्न सक्ने अवस्था किन सिर्जना होला ?

ई. यस कवितांशको आशय के हो ?

१६. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस । (५)

क. दिइएको कथांश पढी समीक्षात्मक उत्तर लेख्नुहोस । (५)

भता वंशु गुरुङलगायत गोरखाली सेना हतियार सहित पृथ्वीनारायण शाहकहाँ पुगे । उनले हातले केही हतियार सुमसुम्याए र वंशुलाई धाप मोटर प्रशंसा गर्दै भने मेरो सपना तिमीहरुले पुरा गर्थ्यो ।यसको श्रेय तिमेकैं हो । उनले सवैलाई विजयको प्रतिक रातो टिका लगाइदिए । सेना गोरखाको जय भन्दै ब्यारेकतिर लागे ।

ख. साकार सपना कथालाई सार्थक तुल्याउनका लागि वंशु गुरुङलगायत गोरखाली सेनाको चर्चा गर्नुहोस ।

ग. दिइएका निवन्धांश पढी समीक्षात्मक उत्तर लेख्नुहोस ।

यिनमा पनि मैले कहिल्यै नविर्सने कुरा चाही बाल अधिकारका चारओटा प्रमुख खम्बा नै हुन । बालबालिकाको सहभागिता बिकास संरक्षण र बाँच्न पाउने जस्ता चारओटा बाल अधिकार खम्बाबारे म कहिल्यै भुल्ने छैन । यस्ता कुराको सुनिश्चितता नभएसम्म कसैलाई बाल अधिकारको प्रत्याभूति हुन सक्दैन ।

घ. मानव अधिकारका सम्बन्धमा बाल अधिकारका चारओटा खम्बाका बारेमा परिचर्चा हुनैपर्नुको कारण के हो ? कारण सहित लेख्नुहोस ।

१७. कुनै एक शीर्षकमा १२५ शव्द नहटाई निवन्ध लेख्नुहोस् ।(५)

क. मेरो जीवनको लक्ष्य

ख. प्रकृति र मानव जीवन

ग. मित्रताको महत्व

समाप्त

भंगहा नगरपालिका

**नगर कार्यपालिकाको कार्यलय,महोत्तरी**

नगरस्तरिय परिक्षा २०८०

पूर्णाङ्क :- ५०

कक्षा :-८ उत्तीर्णाङ्क :- २०

विषय :- नेपाली समय :- २ घण्टा

विधार्थीले उतर दिँदा सिर्जनात्मक र मौलिक तरिकाले दिनुपर्ने छ ।

१. दिइएका अर्थसंग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस्:

रुपान्तरित, पल्ला, मिर्मिरे, युगसापेक्ष, अक्षरेपी

(क) बिहानीपख हुन लागेको अवस्था ----------

(ख) समयसित सम्बन्धित ----------

(ग) झ्यालको एक पाटो -----------

(घ) अर्को रुपमा परिवर्तन ----------

२. बाली ठाँउमा मिल्दो शब्द राखी वाक्य पूरा गर्नुहोस् (2)

(क) 'ऋषि' को उस्तै अर्थ दिने शब्द ---------- हो । (माथि, मुनि, ईख)

(ख) 'आस' को उल्टो अर्थ दिने शब्द --------- हो। (निरास, पराई, विनास)

(ग) 'कल' शब्दको अर्थ ---------- होइन । (कलह, यन्त्र, कुलो)

(घ) भात को लघुतावादी शब्द ---------- हो। (सितो, सित. कण)

३. अर्थ घुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस्:

नाका राख्नु, अकमक्क

४. शुद्ध शब्द छानेर लेख्नुहोस :

(क) पोसण पोषण पोरान पोषण

(ख) आश्चर्य आस्चर्य आस्स्चर्य आष्चर्य

५. दिइएको वाक्यलाई शुद्धपारी लेखनुहोस

पानी जिवनदायिनी स्रोत भएकाले यसलाई प्रदुषण हुन बाट रोक्नुपर्छ ।

६. रेखांकित शब्दको पदवर्ग छुट्याउनुहोस :

तिम्रो घर अगाडि आपको रुख छ तर त्यसमा फल लाग्दैन ।

७. दिएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोसः

(क) उनीहरूले नेपाली चलचित्र --------- (हेर्: पूर्ण वर्तमान काल) )

(ख) सुजनले भलिबल खेल ---------- (जित्: पूर्ण भूतकाल)

(ग) यसपालि हामी शैक्षिक भ्रमणमा ---------- (जाः सम्भावनार्थक)

(घ) तिमीहरु असल र इमान्दार ---------- (बनः आज्ञार्थक)

८. दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोसः

(क) उनिहरुले फुटवल खेलेका थिए । (एकवचन)

(ख) नयाँ वर्षमा रमाइलो भयो । (अनुकरण)

(ग) उनीहरू विद्यालय गए। (संयुक्त वाक्य)

९. दिइएको अनुच्छेद पढी उतर लेख्नुहोस :

जीवन अनमोल हुन्छ । यसलाई निश्चित उद्देश्यका साथ अनि बढाउनुपर्छ । लेखक, गायक जे बन्न सकिन्छ बन्ने प्रयास गर्नुपर्छ। हरेक पल पलको महत्त्व बुझेर जीवनचङ्गालाई उडाइरहनुपर्छ। यसलाई कहिल्यै दोबाटोमा छोड्नु हुँदैन ।

प्रश्नहरू

(क) अनुच्छेदबाट एउटा द्वित्व भएर बनेको शब्द र एउटा समस्त शब्द पहिचान गरी लेख्नुहोस् ।

(ख) अनुच्छेदबाट एउटा उपसर्ग र एउटा प्रत्यय लागेर बनेको शब्द पहिचान गरी लेख्नुहोस् ।

(ग) माथि रेखाङ्कन गरिएको शब्दको कारक र विभक्ति पहिचान गरी त्यसको नाम लेखनुहोस् ।

१०. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस :

आधुनिक गायनको क्षेत्रमा अरुण लामाको महत्वपूर्ण स्थान रहेको छ । नेपाल र दार्जिलिङका नारी स्वरहरु भन्दा भिन्न अरुणाको स्वर र गायन रहेको छ। उनको स्वरमा सुकोमलता र सुमधुरता पाइन्छ । सुकोमलता र सुमधुरताको धरातलमा उनको अन्तर्गतको मर्म र करुणाको स्वर प्रतिध्वनित भएको पाइन्छ । नेपाली स्वर संसारमा उनको विशिष्ट भावपूर्ण र करुणापूर्ण स्तरले उच्च शिखर प्राप्त गरेको छ। उनको स्वरमा जातीय सचेतना र मानवीय संवेदनाको उत्कर्ष रूप पाइन्छ । यसरी गायनका क्षेत्रमा लामाको स्वर र गायन नेपाली संगीतको विशिष्ट प्राप्ती हो। उनको गायनयात्राको प्रारम्भिक विन्दुमा विरह र वेदना को मिश्रित रूप रहेको पाइन्छ भने गायनयात्राको बिचको सानो अवधिमा एक प्रकारको खुसी, उल्लास र आनन्दको अनुभूतिको प्रखर स्वर पनि अभिव्यक्त भएको पाइन्छ । दाम्पत्य जीवनको केही बर्षमै उनका पति र संगीतको क्षेत्रका प्रतिभा शरण प्रधानको असामयिक निधनले उनको जीवनमा ठूलो र असहय बज्रपात पर्यो । यसैको परिणाम स्वरूप उनको स्वर र गायनमा फेरि दुःखान्त चेतना र मर्मस्पर्शी वेदनाले सहन र गहन अवस्था प्राप्त गर्यो ।

प्रश्नहरू

(क) अरुणा लामाका स्वरको महत्वपूर्ण विशेषताहरु के के हुन् ?

(ख) उनको स्वरमा केको उत्कर्ष रूप पाइन्छ !

(ग) गायनको प्रारम्भिक विन्दुमा र बिचको अवधिमा के पाइन्छ।

(घ) माथिको अनुच्छेदलाई कुन शीर्षक उपयुक्त हुन्छ ?

११.दिएको अनुच्छेदबाट चारओटा बुदा टिपोट गरी सरांसा लेख्नुहोस् :

राम्रो काम लागि अघिबढीसकेको व्यक्ति कुनै हालतमा पछि हट्दैन भनेझै जुनको तावेई पर्वतारोहण अभियानबाट कहिल्यै पछि हटिनन् । उनलाई अन्य समूहले आफ्नो क्लबमा नदिए पनि उनी आफैं महिलाका लागि नयाँ क्लब खोल्ने अटोटमा पुगिन् । आफैले निर्माण गरेको समूहमा रहेर अभ्यास गर्ने योजना अनुसार छन् १९५९ मा उनले केही महिलालाई जुटाएर लेडिज क्लाइम्बिङ क्लब जापान 'को स्थापना गरिन यस कल्बको नारा 'आफै एक विदेश अभियानमा जुटौं' भन्ने थियो। यसरी महिला क्लब खुलेपछि त्यहाँ धेरै जसो गृहणी सहभागी हुन थाले। उनीहरू ले केही समयको अभ्यासपछि जापानका माउन्ट कुजी र स्विस एल्प्सका मार्टहार्न जस्ता पर्वतको सफल आरोहण गरे । महिलाको यस्तो सफलता- पछि तावेई औधी खुसी भइन् । उनीभित्र एक न एक दिन जापानी महिलाले हिमाल आरोहणलाई सफल पारेरै छोडने छन् भन्ने विश्वासकोलहर दौडिन पुग्यो ।

१२. कुनै एक प्रश्नको उतर दिनुहोस्:

(क) दिइएका बुदाका आधारमा जीवनी तयार पारी शीर्षक समेत दिनुहोस्:

नाम: अहेन्द्रनामशेर राणा

जन्मः वि.से. १९१८ पौष ३ गते

जन्मस्थानः काठमाडौं

पिता : वीर शमशेरका जेठा छोरा

जीवनका घटना : अनुदार राजा परिवारमा बुद्धिमानका रूपमा जन्मनु,

-राणा परिवारमा जन्मेर पनि चिन्तनशील, तीक्ष्णवुद्धि र सिर्जनशीलका रूपमा उदाउनु,- अविष्कारबाट चन्द्रशमशेर त्रसित हुनु, -चन्द्रशमशेरलाई आफ्नो पौरख देखाउन दरवार गएर ढोग्न लाग्दा पेस्तोल खस्नु.-चन्द्रशमशेर डराएर दरबार जान रोक लगाउनु, उमुख कार्य । वैज्ञानिक खोज अनुसन्धान, आधुनिक मोटरकार, मेसिनगन लोप र हवाइजहाजको अविष्कार

मृत्यु चन्द्र शमशेरको षडयन्त्रमा वि.सं. १९६४ भाद्र १३ गते ।

(ख) घरमा एक्लै हुँदा शीर्षकमा एउटा मनोवादको नमुना तयार पार्नुहोस् ।

१३. कुनै एक प्रशनको उतर लेख्नुहोन

(क) छोरीलाई दाइजोभन्दा शिक्षा दिनु आवश्यक छ भन्ने विषयमा प्रकाश पारी स्थानीय पत्रिकाका सम्पादकलाई एउटा चिठी लेख्नुहोस ।

(ख) साथीले हाजिरी जवाफ प्रतियोगितामा स्वर्णपदक पाएकीले कक्षाका तर्फबाट एउटा बधाईको नमुना तयार पार्नुहोस् ।

१४. कुनै एकको भाव विस्तार गर्नुहोस

(क) जब देश स्वतन्त्र भएर बाँच्छ
तब यो निश्चल आखामा हिमाल हाँस्छ

(ख) असहाय, वृद्धवृद्धा, अपाङ्गता भएका र दीनहु खीले सेवा पाउनु उनीहरुको अधिकार हो ।

१५.दिएको कथांश पढी सोधिएका प्रश्नहरुको उतर लेख्नुहोस

हिन्दुस्तानी सेना र अंग्रेज अफिसर भागेको देखेर गुरुङले आफ्ना सहयोगीलाई भने, "अर्ना छाड, गोला फोर।" वंशु गुरुङले जङ्गलबाट दुइ ओटा अर्ना पक्रेका रहेछन । तिनलाई जाँड खुलई मताहर राखिएको रहेछ । गोरखाली सेनाले तिनका सिंङमा राको बालेर जङ्गलमा छाडिदिए । अर्ना आतिएर जतातै कुद्र थाले। यहि वेलामा गोर्खाली सेनाले अरिंगाल र बच्छिउका गोला बिच्छाई दिए । अर्नाले खेदने अरिंगालले चिल्ने र सिस्नाल्ले पोल्ने हुदा अंग्रेज ऐया र अवा गर्दै भागाभाग भए गोर्खाली सेनाले रातभर अंग्रेज सेनालाई खेदिरहे बिहान भएपछि उनीहरु जंगलमा हतियार खोजे। जंगलमा भेटिएका ३०० सय जति हतियार राईफल गोर्खालीले आफ्ना बनाए। आक्रमणमा १७००० जति सेना हाताहात भए ।

प्रश्नहरु

(क) वंश गुरुङले किन किन के आदेश दिए ।

(ख) वंश गुरुङले अर्नालाई के गरेका रहेछन ।

(ग) गोर्खाली सेनाले अंग्रेजलाई कसरी भगाए ।

(घ) युद्धबाट गोर्खाली सेनाले कस्तो उपलब्धि हासिल गरे ।

१६. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस :

(क) दिएको कथांना पढी समीक्षात्मक उत्तर लेख्नुहोस

बूढाको त्यस्तो चाला देखेर बुदीले भनिन्, 'बनिसकेको पूर्ति नदिएर झन बैना समेत फिर्ता गर्नुभयो । दिएकोभए अरु रुपिया पनि आउथ्यो । के खर्च गर्ने अब घरमा चामलको गेडो छैन।" सासुका कुरामा बुहारीले पनि थपथाप गरिन ।

अ) नेपालकका वास्तविक कलाकारहरुको आर्थिक अवस्था दयनीय रहेको सङ्केत पाइन्छ ।' अमरपुत्र' कथाका आधारमा चर्चा गर्नुहोस ।

आ) दिइएको जीवनीको अंश पदरी समीक्षात्मक उत्तर दिनुहोस :

हरेकले सादा जीवन उच्च विचारका लागि प्रयास गर्नुपर्छ । साधुसन्त शिक्षा र साधनामा समर्पित हुनुपर्छ । हरेक मानिसमा सधै नैतिकता, इमान्दारिता, जिम्मेवारीपन र असल चरित्रको आवश्यकता पर्छ ।

इ) स्वामी प्रपन्नाचार्यको सफलतापूर्ण जीवनीका सन्दर्भमा माथिका भनाइहरू अक्षरशः लागु हुन्छन् 'चर्चा गर्नुहोस ।

१७. कुनै एक शीर्षकमा १५ शब्द नघटाई निवन्ध लेख्नुहोस्

(क) बिधार्थी जीवनमा अनुशासनको महत्व

(ख) मेरो जन्मस्थल

(ग) नेपालको जलसम्पदा

समाप्त

भंगहा नगरपालिका

**नगर कार्यपालिकाको कार्यलय,महोत्तरी**

नगरस्तरिय परिक्षा २०८०

पूर्णाङ्क :- ५०

कक्षा :-८ उत्तीर्णाङ्क :- २०

विषय :- नेपाली समय :- २ घण्टा

बिधार्थीले उतर दिँदा सिर्जनात्मक र मौलिक तरिकाले दिनु पर्ने छ ।

१. दिएका अर्थ सँग मिल्ने शब्द खाली ठाउँमा भर्नुहोस :

क) रोप्न वा छर्न राखिएको अन्न आदिको गेडा ----------

(ख) बोली नफुट्ने अवस्था -----------

(ग) कुनै खुसियालीका सन्दर्भमा दिइने भेट -----------

(घ) मुटु छेड्ने खालको चिसो बतास ----------

अक्क न बक्क, विऊँ, चलाख, सिरेटो, उपहार

२. खाली ठाउँमा मिल्दो शब्द राखी वाक्य पूरा गर्नुहोस् :

(अ) 'उधान 'को उस्तै अर्थ दिने शब्द ---------- हो। (बनजंगल, बगैंचा, रुख)

(आ) भलो को उल्टो अर्थ दिने शब्द ---------- हो । (कुभलो, सहयोग, भगडा)

(ड) 'जगेडा' शब्दको अर्थ ---------- होइन । (बचत, जोगाउनु, खर्च)

(ई) 'फूल' को समावेश्य शब्द ---------- हो । (आँप, सयपत्री, अण्डा)

३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

हुने विरुवाको चिल्लो पात, उर्वर

४. शुद्ध शब्द छानेर लेख्नुहोस् :

(अ) स्वाभिमान शवाभीमान स्वाभिमान श्वाभीमान

(आ) समराट सम्राट शंम्राट शम्राट

५. दिएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :

पानि निल्दै गोल्डिङले भने । नडराओं' म तिमिहरूकै पत्रका बारेमा सोचदै छु।'

६. रेखाङकित शब्दको पदवर्ग छुट्याउनुहोस् :

अरुण विधालय जान्छ र किताब राम्ररी पढ्छ ।

७. दिएका धातु र संकेतका आधारमा खाली ठाउँ भन्नुहोस्

(क) हामी सिनेमा ---------- (हेर् : सामान्य वर्तमान)

(ख) गरिमा रुमाल ---------- (बुन : अपूर्ण भविष्यत काल)

(ग) म बिहान --------- ( डुल : सम्भावनार्थ )

(घ) तिमि असल ---------- । (बन्: आगर्थ)

८. दिइएका संकेतका आधारमा वाक्य परिर्वतन गर्नुहोस :

(क) हामी खेल खेल्छौं । (दितीय पुरूष)

(ख) त बाजार जान्छस् । (उच्च आदर)

(ग) आज पानी पनी । (अकरण)

९. दिइएको अनुच्छेद पढी उतर लेख्नुहोस ।

अकालमा कोही पनि मर्न चाहँदैन । कसैले बारम्बार शारीरिक सन्तुलन गुमाउन चाहँदैन । कोही पनि प्रगतिबाट पछि हटन चाहँदैन । यसकारण गाउँघर चारैतिर सरसफाइको आवश्यक्ता पर्दछ । टोलमा सरसफाई भएन भने रतन्धो हुन सक्ने सम्भावना पनि त्यतिकै देखिन्छ ।

प्रश्नहरु

(क) अनुच्छेदबाट एउटा द्वित्व भएर बनेका शब्द र एउटा समस्त शब्द पहिचान गरी लेख्नुहोस ।

(ख) अनुच्छेदबाट एउटा उपसर्ग र एउटा प्रत्यय लागेर बनेको शब्द पहिचान गरी लेख्नुहोस् ।

(ग) माथि रेखाइकन गरिएका शब्दको कारक र विभक्ति पहिचान गरी त्यसको नाम लेख्नुहोस् ।

१०. दिइएको गधांस पढी सोधिएका प्रश्नका उत्तर लेख्नुहोस्:

अभाव, चुनौती र प्रतिकूलतासंग सिंगोरी खेल्दै सफलताको शिखर चुम्न महान व्यकिको लक्षण हो । उसले आफ्नो जीवनमा निराशा र कायरता जस्ता कुराको प्रभाव कहिल्यै पर्न दिदैन । उसले जीवन हर इच्छा शक्ति, सहास र लगनसिलताका कारण सफलताको शिखरमा पुग्छ र अमर बन्छ । उसमा पाइने धीरता र निरन्तरता कक्रियाशिलता जस्ता गुण सबैका लागि अनुकरणीय पनि बन्छन । त्यस्तो महान् व्यक्तिको सूचीना रहेकी विश्व कीर्तिमानी सर्वोच्च शिखर सगरमाथा आरोही प्रथम महिलाको नाम हो ।, जुन्को ताबेई ।

प्रश्न

(क) विश्वको सर्वोच्च शिखर सगरमाथा अधोहण गर्न प्रथम महिला को हुन ?

(ख) महान व्यक्तिको लक्षण कस्तो हुन्छ ?

(ग) कसरी सफलताको शिखरमा पुग्न सकिन्छ १

(घ) 'अनुकरणीय' शब्दको अर्थ लेख ।

११. दिइएको अनुछेबाट चार ओटा बूँदा टिपोट गरी सरांसा लेख्नुहोस्

प्रकृतिमा समय समयमा उतारचढाव आइरहन्छ। कहिले आवश्यक्ता भन्दा बढी पानी परेर बाढी पहिरो आउँछ । बस्तीहरु डुबेर जलमग्न हुन्छन् । कहिले असार, साउन महिनामा पनि असाध्यै कम पानी परेर रोपाई नै गर्न नसकिने स्थिति आउँछ । कहिले भुइँचालाले धनजनको ठूलो क्षति हुन्छ। कहिले बाढीपहिरो, आँधीबेहेरी, अतिवृष्टि, अल्पवृष्टि, अनावृष्टि, खण्डवृष्टि जस्ता

प्राकृतिक विपत्तिले मानव जीवनलाई सडकटमा पार्छन। प्राकृतिक विपति पूर्व सूचना दिएर आउँदैन ।

१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस्

(क) दिइएका बुदाका आधारमा जीवनी तयार पारी शीर्षक समेत लेख्नुहोस् । नाम : गौतम बुद्ध

जन्म : पच्चिस सय वर्ष पूर्व वैशाख पूर्णिमाको दिन

जन्मस्थल : लुम्बिनी अञ्चल, कपिलवस्तु जिल्ला

पिताः शुदोधन

माता : मायादेनी

* जन्मेका सात दिनमा आमाको मृत्यु,
* दरबारमै रहेर विश्वामित्र आदि गुरुवाट शास्त्रको अध्ययन
* नरम र दयालु स्वभावका धनी, अरुको दुखलाई आफ्ने दुख ठान्ने बानी
* एकान्त प्रेमी, दरबारिया रमझमलाई बेवात्ता,
* सबैले रोगी हुनुपर्ने, बुढो हुनुपर्ने र मर्ने कुराबाट विशेष प्रणावित,
* शान्तिको खोजजमा दरबार छाडेका, भारतको गाया भन्ने ठाउँमा पुगी बुद्धत्व प्राप्त, गौतम बुद्धको नामले विश्वमा प्रख्यात,
* हिंसा नगर्नु, असाय नवोल्नु, चोरी नगर्नु, ब्रह्मचर्य व्रतको पालना गर्नु, उपदेश सहित विश्व शान्तिका अग्रदूत,
* नेपालका एक विभूति
* ८० वर्षको उमेरमा महापरिनिर्वाण (मृत्यु)

(ख) 'साइबर अपराध' शीर्षकमा दुई जना साथी बिच हुने संवादको नमुना तयार पार्नुहोस

१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस :

(क) विद्यार्थी पुस्तक भन्डार बर्दिबासले रत्न पुस्तक भण्डारबाट प्रकाशित पुस्तकहरू यथाशीघ्र पठाइदिन अनुरोध गई एक चिठी तयार पार्नुहोस् ।

ख) हाम्रो देश नेपालको प्राकृतिक सुन्दरताको वर्णन गर्दै सानै देखि विदेशमा बस्ने नेपाली साथीलाई सिडी लेख ।

ग) विद्यालयमा सरस्वती पुजाको आयोजना गरिएकोले उपस्थिथितका लागी अविभावकलाई विद्यालय तर्फवाट तयार पारिएको सम्मानपत्रको नमुना प्रस्तुत गर्नुहोस ।

१४. कुनै एकको भाव विस्तार गनुहोस् ।

(क) उम्रन्न बोट कसैले विउ छरेर नगए
बन्दैन मुलुक दुई चार सपूत मरेर नगए ।

(ख) एकटा शान्त घरको तलाउमा तनावारूपी तरडग सिर्जना भएको थियो ।

१५. दिडएको कथांस पढी सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् ।

एक दिन गुलाफी खाना पकाउने समय भइसक्दा पनि आइनन् । साँझ छिपिएर गाढा भईकेको थियो । अचानक मैले गुलाफीका बा आमाको चर्को स्वर सुनें । उनिहरुको स्वरबाट प्रतीत हुन्थ्यो, तिनिहरुबिच कुनै गम्भीर विषयमा मतमतान्तर भइरहेछ । सामुन्नेको झ्यालबाट मधुरो प्रकाश बाहिर छरीरहेको थियो । मैले आफ्ना पाइला बिस्तारै अगाडीतिर बढाए र भित्र चियाएर हेरे । परिवारका सबै सदस्य भुईमा विछ्र्याइएको गुन्द्रीमा बसिरहेका थिए र बिचमा मैंले बजारबाट गुलाफीलाई ल्याइदिएको जुत्ताको पोको थियो । हर्क बहादुर दायाँ हातको चोरीको उचालेर आफ्नी श्रीमति तिर लक्षित गर्दै भन्दै थिए, "यो मान्छेले केही सोच्दै नसोची गुलाफी लाईई जुता ल्याएकै होइन । यसको मनमा पक्का केही खोट छ । हेर्दै जाँऊ, एक दिन भाँडो फुट्छ। "

प्रश्नहरू

(अ) म पात्रले चर्को स्वर सुन्नुको कारण के रहेछ ?

(आ) कथांशमा भनिएको गम्भीर बिषय के होला ?

(इ) कथांशमा कसले कसलाई के दिएको रहेछ ।

(ई) यस कथाको मूख्य भाव के हो ?

१६. कुनै एक प्रश्नको लामो उतर दिनुहोस् ।

(क) दिइएको कथांश पही समीक्षात्मक उत्तर लेख्नुहोस् :

बुढाको यस्तो चाला देखेर बुढीले भनिन्, बनिसकेको मूर्ति नदिएर झन् बैनासमेत फिर्ता गर्नुभयो । दिएको भए अरू रूपैया पनि आउँथ्यो । के खर्च गर्ने काब ? घरमा चामलको गेडो छैन । " सासुका कुरामा बुहारीले पनि थपथाप गरिन् ।

(अ) नेपालका बास्तबिक कलाकारहरुको आर्थिक अवस्था दयनिय रहेको संकेत पाइन्छ ।' अमर पुत्र' कथाका आधारमा चर्चा गर्नुहोए ।

(ख) दिइएको प्रवान्दकोको अंश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् ।

नेपालको वैदेशिक व्यापार घाश निराकरणका लागि आफ्ना जनशक्तिलाई स्वदेशमै रोजगारको अवसर प्रदान गर्न सक्नुपर्छ । कपडा', जुताच्प्पल, कागज, खाने तेल जस्ता उपभोग्य बस्तुमा आत्मनिर्भर हुनु सक्नु पर्दछ । प्राकृतिक संसाधनको समुचित उपयोग गर्नु पर्छ ।

(अ) (नेपालको वैदेशिक व्यापर 'प्रवन्धमा नेपालको वैदेशिक व्यापार घाटा निराकरणको लागि के कस्ता उपायहरू उल्लेख भएका पाइन्छन?

१७. कुनै एक शिर्षकमा १२५ शब्द नघटाई निबन्ध लेख्नुहोस

(क) शिक्षा र जीवन

(ख) प्यारो जन्म भूमि

(ग) विधार्थी जीवन र अनुशासन

समाप्त